# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर डा. खतिवडा र चिनका गभर्नरबीच बैंठक

काठमाडौंमा सम्पन्न दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरूको संगठन : सिसन (South East Asian Central banks : SEACEN) को ४९ औं गभर्नर्स सम्मेलन तथा ३३ औं बोर्ड अफ गभर्नर्स बैठकको अवसरमा गभर्नर डा. युवराज खतिवडा र Peoples Bank of China : PBC का गभर्नर Mr. Zhou Xiaochuan बीच छुट्टै भेटघाट तथा बैठक सम्पन्न भएका थिए। त्यस क्रममा गभर्नर खतिवडाले चिनका गभर्नरलाई नेपाल राष्ट्र बैंकलाई चिनिया मुद्रामा लगानी गर्ने अवसर प्रदान गरेकामा धन्यवाद ज्ञापन गर्दै सो लगानी गर्न पाएकामा नेपालको सञ्चित विदेशी मुद्रा लगानी विविधीकरण हुनुका साथै राम्रो प्रतिफल लिन सहयोग पुगेको उल्लेख गर्नुभयो। यसै क्रममा गभर्नर खतिवडाले नेपाल र चिनबीच बढ्दो व्यापार, बढ्दो लगानी, बढ्दो पर्यटक आवागमन, बढ्दो निर्माण सेवा र विदेशी मुद्रामा ऋण लिन थालेको सम्बन्धमा नेपालमा चिनिया बैंकको उपस्थिति आवश्यक हुँदै गएको र यसले दुई देशबीचको आर्थिक सम्बन्ध थप प्रगाढ हुँदै जाने कुरा बताउनुभयो। साथै, उहाँले चिनिया वाणिज्य बैंकहरूले संयुक्त लगानीमा बैंक स्थापना गर्न वा नेपालमा आफ्नो शाखा खोल्न सहयोग गर्न चिनिया गभर्नरलाई आग्रह गर्नुभएको थियो । सो अवसरमा उहाँले नेपाल राष्ट बैंक र PBC बीच करिब दश वर्षअघि एक आपसको मुद्रामा भुक्तानी दिने तथा चिनमा नेपाली बैंकले खाता खोल्ने सम्बन्धमा भएका सम्झौता नवीकरण गर्नुपर्ने बेला भएको र नवीकरण गर्न सम्झौताको मस्यौदा तयार हुँदै गरेको तथा एक आपसमा आदानप्रदान हुने क्रममा रहेको बताउनुभयो। सो सम्बन्धमा चिनिया गभर्नर Mr. Xiaochuan ले पुरानो समझदारीमा नवीकरण गर्नु राम्रो रहेको र परिवर्तित परिस्थितिमा सो समझदारीलाई अद्यावधिक पनि गर्न सकिने धारणा राख्नुभएको थियो। नेपाल राष्ट बैंक र PBC बीच केही समयअघि भएको समझदारी अनुसार चिनिया मुद्रामा नेपाल राष्ट्र बैंकले बिस करोड डलरसम्म लगानी गर्न पाएको र त्यो सीमासम्म लगानी भइसकेको हुँदा सो सीमा बढाइदिने वा हटाइदिने सम्बन्धमा पनि चिनिया गभर्नर सकारात्मक हुनुभएको थियो।

यसै गरी उहाँहरूबीच दुवै देशका केन्द्रीय बैंकका विदेशी विनिमय विभागको सम्बन्ध सुदृढ गर्ने विषयमा पनि छलफल भएको थियो । साथै, चिनमा भएको अन्तराष्ट्रिय मुद्रा कोषको तालिम केन्द्रमा नेपाल राष्ट्र बैंकका कर्मचारीलाई पनि तालिमको अवसर प्रदान गर्न गभर्नर खतिवडाले अनुरोध गर्नुभएको थियो र यसलाई चिनिया पक्षबाट सहानुभूतिपूर्वक विचार गर्ने आश्वासन प्राप्त भएको थियो। यसका अतिरिक्त चिनको सुपरिवेक्षकीय संस्थासँग नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण विभागले समझदारी पत्र (Memorandum of Understanding : MOU) गर्ने भन्ने कुरामा सैद्धान्तिक छलफल भएको थियो र यो विषय अत्यन्त आवश्यक रहेको कुरामा चिनिया गभर्नर सहमत हुनुभएको थियो। खासगरी दुई देशबीच सीमापार वित्तीय आप्रवाह हुन्छ र त्यस अवस्थामा एउटा देशको बैंकको शाखा अर्को देशमा कार्यरत हुन्छ भने त्यस अवस्थामा सुपरिवेक्षकीय संस्थाहरूबीच समझदारी पत्र (MOU) समेत आवश्यक हुन्छ भन्ने कुरामा चिनका गभर्नरले सहमति जनाउनुभएको थियो। त्यसैगरी चिन र नेपालका वित्तीय जानकारी एकाइबीच समझदारी पत्र (MOU) गर्नु राम्रो हुन्छ भन्ने कुरामा पनि उहाँहरू सहमत भएको थियो।

गभर्नरको कार्यालय

२०७० मंसिर १४ गते, शुक्रबार